# अभियुक्तका अधिकारहरू

- कुनै पनि व्यक्तिलाई अदालतबाट जारी भएको पक्राउ पूर्जीका आधारमा मात्र पक्राउ गरिने,
- जरुरी पक्राउपूर्जीको आधारमा वा तत्काल पक्राउ परेकोमा सोको स्वीकृतिका लागि अदालत समक्ष उपस्थित गराईने,
- कसूरको अनुसन्धानको सिलसिलामा पक्राउ परेका व्यक्तिलाई बाटोको म्याद बाहेक २४ घण्टाभित्र जतिसक्दो चाँडो अदालत समक्ष उपस्थित गराईने,
- अनुसन्धानको लागि अदालतको आदेशले मात्र हिरासतमा राख्न सकिने,
- कसैलाई पनि अभियोग ठहर भएमा हुन सक्ने कैदको अवधि भन्दा बढी हिरासतमा नराखिने,
- हिरासतमा राख्न अनुमति माग गर्दा अदालतले अनुसन्धान सन्तोषजनक रूपमा भए वा नभएको सम्बन्धमा कानून व्यवसायीको बहस सुन्न सक्ने भएकाले त्यस्तो अवस्थामा कानून व्यवसायीमार्फत बहस गराउन सक्ने,
- अनुसन्धानको क्रममा बयान दिंदा आफू उपर कुनै कसूरको अभियोग लाग्न सक्ने किसिमको जवाफ दिन कर नलाग्ने,
- अभियुक्तले आफूले रोजेको कानून व्यवसायीबाट सल्लाह लिन पाउने भएकाले मुद्दाको कारवाहीमा निजलाई सोको जानकारी दिने,
- अनुसन्धानको सिलसिलामा हिरासतमा हुँदा कुटपिट गरिएमा वा यातना दिएमा सोको जाँच गराई पाउन अदालत समक्ष निवेदन दिन पाउने र त्यसरी जाँच हुँदा कुटपिट वा यातना दिएको पाईएमा उपचार गराई पाउने र अन्तरिम राहत उपलब्ध हुने,
- यातनाबाट पीडित भएमा क्षतिपूर्तिको लागि आफैले मुद्दा दायर गर्न सक्ने,
- मुद्दा नचल्ने निर्णय भएमा निर्णयको प्रतिलिपि र मुद्दा चल्ने निर्णय भएमा अभियोगपत्रको प्रतिलिपि अभियुक्तलाई दिइने,
- थुनामा राख्दा वा हिरासतमा राख्दा करणसहितको पूर्जी दिईने,
- पूर्वसुनुवाई छलफलमा उपस्थित हुने,
- साक्षी प्रमाण पेश गरी आफ्नो जिकिर पुष्टि गर्न सक्ने प्रमाण परीक्षणमा संलग्न हुने,
- आफूलाई पोल गर्ने सहअभियुक्तलाई त्यसरी पोलेको कुरामा जिरह गर्न पाउने,
- आफू उपर लागेको अभियोग बारेमा बयान गर्नुभन्दा अगाडी अभियोगपत्रको सम्पूर्ण बेहोरा पढेर सुनाईने,
- प्रतिरक्षाको तयारीको लागि अभियोगपत्र वा सबुद प्रमाणको प्रतिलिपि लिन मौका पाउने,
- बयान गर्नुभन्दा अगाडी कानून व्यवसायीसँग सल्लाह लिन पाउने,
- आफ्नो विरूद्ध पेश भएको साक्षी जिरह गर्न सक्ने,
- मुद्दाको सुनुवाई खुला इजलासमा हुने,
- केही खास मुद्दामा आवश्यकता अनुसार पीडित तथा साक्षीको परिचय गोप्य राख्न सकिने र विशेष मुद्दामा बन्द इजलासमा सुनुवाई हुने,
- पीडितले क्षतिपूर्ति पाउने,
- भाषा नबुझ्ने वा बोल्न नसक्ने व्यक्तिले सरकारी खर्चमा दोभाषेको सहयोग पाउने,
- आफ्नो प्रतिरक्षाको लागि कानून व्यवसायी राख्न नसक्ने व्यक्तिको हकमा नि:शुल्क कानूनी सहायता पाउने ।

श्री अर्घाखाँची जिल्ला अदालत

सन्धिखर्क